पोखरा उपत्यका साइडसिन घुम्न जाऊँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ ११ गते शुक्रबार ❑ 24 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## निजी क्षेत्रसँगको सहकार्य विना समृद्धि प्राप्त हुँदैन : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले निजी क्षेत्रसँगको सहकार्यविना समृद्धि प्राप्त नहुने बताउनुभएको छ।

पोखराउद्योगवाणिज्यसङ्घद्वारा आयोजित ३३औँ संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला एवं आइटी महोत्सव, २०८१ को बिहीबार पोखरामा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले सरकार र निजी क्षेत्रबीचको सहकार्यबाट मात्रै समृद्धि हासिल गर्न सकिने बताउनुभयो । निजी क्षेत्रसँगको सहकार्यमा सरकारले जोड दिएको उल्लेख गर्दै उहाँले त्यसको वातावरण निर्माणमा लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । संघीय सरकारले अध्यादेशमार्फत निजी क्षेत्रलाई सहज हुने गरी वातावरण निर्माण गरेको भन्दै मुख्यमन्त्री पाण्डेले त्यसले सिथिल अर्थतन्त्र उकासिने धारणा राख्नुभयो ।

संघले सातवटै प्रदेशको उत्पादन, कला-संस्कृति एवं खानाको प्रदर्शनको सुरुआत गरेकामा उहाँले खुसी व्यक्त गर्नुभयो । गण्डकी प्रदेशमा दुईवटा क्षेत्रमा औद्योगिक क्षेत्र खोल्ने भनिए पनि जग्गा प्राप्ति समयमै नहुँदा काम रोकिएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले अब यसको काम अगाडि बढेको जानकारी गराउनुभयो । हालै कोरला नाका सुचारु भएको र त्यहाँ अध्यागमन कार्यालय सुरुआत भएको उल्लेख गर्दै उहाँले त्यसलाई पूर्णरुपले सञ्चालन गरेर पोखराबाट कोरोला नाकासम्म जोड्ने बाटो र पोखराबाट त्रिवेणी जोड्ने बाटो भरपर्दो बनाएर सञ्चालन गर्न सकिए गण्डकी प्रदेशलाई व्यापार व्यवासायमा फाइदा पुग्ने बताउनुभयो । कोरला नाकालाई व्यवस्थित रुपमा सञ्चालन गरिएमा त्यसले तिब्बतसँगको व्यापार यतैबाट हुने उहाँको भनाइ थियो । गण्डकी प्रदेशमा उत्पादनको आधारमा मात्र अनुदान दिने नीति अगाडि बढाइएको भन्दै उहाँले उत्पादन प्रक्रिया सुरु भएपछि मात्र अनुदान दिन थाल्ने जानकारी दिनुभयो ।

गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले पोखराबाट अन्तर्राष्ट्रिय उडानका लागि प्रदेश सरकार क्रियाशील रहेको बताउनुभयो । गण्डकी सरकारले उद्योग र पर्यटनको विकासलाई विशेष जोड दिएको जिकिर गर्दै उहाँले उद्योगमार्फत हुने उत्पादनले मात्र देश समृद्ध बन्ने कुरामा आफू प्रष्ट रहेको धारणा राख्नुभयो । पोखरा महानगरपालिकाका नगरप्रमुख धनराज आचार्यले सूचनाप्रविधिले संसारलाई साँघुरो बनाएको अवस्थामा मेला र महोत्सवले व्यवसाय प्रवर्द्धन गर्नुपर्ने तथा नयाँ सूचना पस्कने ठाउँ बन्नुपर्ने बताउनुभयो । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा लगायत



सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उतदन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरणमा सघाउ पुर्‍याउने लगायतका उद्देश्यका साथ महोत्सव आयोजना गरिएको जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारले अगाडि सारेको दोस्रो पञ्चवर्षीय योजनामार्फत 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी' को लक्ष्य प्राप्तिमा समर्पित रहेको उहाँको भनाइ थियो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालन हुन नसक्नु तथा गण्डकीको कान्छो जिल्ला नवलपुरसम्म पुग्ने सडक नबन्नु दुखदायी भएको उनको भनाइ थियो । नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य अमरेश वैदारले मेला र महोत्सवमार्फत् स्थानीय उत्पादनको प्रवर्द्धन गर्नुपर्छ भन्ने निजी क्षेत्रको आवाजलाई राज्यले सुन्नुपर्ने बताए। उनले मेला र महोत्सवको नाममा बढेको विकृति अन्त्य हुनुपर्नेमा पनि जोड दिए । उत्पादन र उद्योगसँग जोडिएका मेलाहरु उद्योग वाणिज्य संघले नै आयोजना गरिनुपर्ने पनि उनको भनाइ थियो । पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यको धन्यवाद तथा महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा बोल्दै जीतपुर सिमरा उद्योग वाणिज्य संघका अध्यक्ष मोहनकुमार शर्माले गण्डकी प्रदेशका उद्योग/व्यापार र पर्यटनलाई मधेश प्रदेशसँग जोड्न चाहेको बताए । उनले हवाइ मार्गबाट पनि पोखरालाई जोड्न चाहेको बताए। मधेश प्रदेशका मुख्यमन्त्री स्वयं गढीमाइ मेलाको चर्चा गर्दै भारतबाट आउने पर्यटकलाई पोखरासँग जोड्न लालायित भएको बताए । उनले पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको मेलामा मुख्यमन्त्री स्वयं आउन चाहेको पनि बताए । उद्घाटन सत्रमा मधेश प्रदेशको तर्फबाट त्यहाँको सांस्कृतिक टोलीले मिथिला र थारु संस्कृति झल्किने नृत्य प्रस्तुत गरेका थिए । क्यान नेपालका अध्यक्ष सुनयना पाण्डेले नेपाल सरकारले हालै अध्यादेशमार्फत् सूचना प्रविधि क्षेत्रको लागि सहजीकरण गर्ने अध्यादेश आउनु स्वागतयोग्य भएको बताइन् । 'कार्यक्रममा मधेस प्रदेशको तर्फबाट त्यहाँको सांस्कृतिक टोलीले मिथिला र थारु संस्कृति झल्किने नृत्य प्रस्तुत गरेका थिए । समुद्घाटनअघि विभिन्न आमा समूह, विद्यार्थीहरु,सांस्कृतिक समूह एवं टोल विकास संस्थाहरुले र्‍याली र झाँकी पनि प्रस्तुत गरेका सांस्कृतिक उपसमिति संयोजक ललित कुँवरले जानकारी दिए । उनका अनुसार शुक्रबार पुरुषोत्तम न्यौपाने,मञ्जु पौडेल,घनश्याम रिजाल,कमला गैरे,सविना गुरुङ सांगीतिक प्रस्तुति रहने उनले बताए । महोत्सव यही माघ १७ गतेसम्म चल्ने आयोजकले जनाएको छ।

## 'एमाले चौतर्फी घेराबन्दी तोडेर अघि बढिरहेको छ'

पोखरापत्र संवाददाता
गोरखा, १० माघ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रचार विभागका प्रमुख एवं उपमहासचिव प्रदीप ज्ञवालीले एमाले चौतर्फी घेरबन्दी तोडेरअघि बढिरहेको बताउनुभएको छ।

एमाले जिल्ला कमिटी गोरखाको आयोजनामा बिहीबार सदरमुकाममा आयोजित जिल्लास्तरीय अगुवा कार्यकर्ता अभिमुखीकरण कार्यक्रममा उहाँले विगतदेखि नै एमालेमाथि विभिन्न ढङ्गबाट घेराबन्दीको प्रयास भइरहेको भन्दै सबै खालका जटिलतालाई तोडेर पार्टी अहिलेको अवस्थासम्म आइपुगेको उल्लेख गर्नुभयो ।

"विगतमा जहाँ हामीले निर्वाचनमा सहभागी नै हुन पाउँदैनौँ थियौ, त्यहाँ अहिले हाम्रो राम्रो उपस्थिति छ", उहाँले भन्नुभयो, "त्यस्ता ठाउँमा पनि हामीले निर्वाचन जितेका छौँ, हामी नभए पनि हुन्छ भन्ने स्थानमा अहिले हामीविना नभई नहुने अवस्था बनेको छ।" उहाँले विसं २०४८ देखि नै देशभर पार्टीको 'ग्राफ' निरन्तर उकालो लाग्दै गएको उल्लेख गर्नुभयो । गत निर्वाचनलाई हेर्दा देशभरका ४४ जिल्लामा समानुपातिक मतका आधारमा एमाले पार्टी पहिलो र २४ जिल्लामा दोस्रो रहेको उल्लेख गर्नुहुँदै उहाँले गोरखा जिल्लामा पार्टीको स्थितिलाई बदल्नुपर्ने अवस्था रहेकोमा जोड दिनुभयो । "सधैँभरि एउटा तरिकाबाट हिँडेर गन्तव्यमा पुगिएन भने




शैली र तौरतरिका बदल्नु पर्छ", उपमहासचिव ज्ञवालीले भन्नुभयो, "यसका निम्ति सकारात्मक ढङ्गले सोचेर अघि बढ्नुहोस् ।"









# खेलकुद पत्रकार मञ्च गण्डकीको अध्यक्षमा घर्तीमगर

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको अध्यक्षमा मानबहादुर घर्ती मगर (एमबीआस्था) निर्वाचित भएका छन् ।

मञ्चको बिहिबार पोखरामा सम्पन्न भएको तेश्रो अधिवेसन तथा छैटौं साधारण सभामा एमबीआस्थाले निकटतम प्रतिद्धन्द्धी सुरज श्रेष्ठलाई ९ मत अन्तरले पराजित गर्दै दुई बर्षीय कार्यकालको लागि निवर्जाचित भएका हुन् । ७४ मतदाता मध्य ६४ जनाले मतदान गर्दा एमबीआस्थाले ३६ मत पाउँदा श्रेष्ठले २७ मत प्राप्त गरे ।

त्यसै गरी उपाध्यक्षमा राजाराम पौडेल सर्वसम्वत निर्वाचित भएभने समावेसी उपाध्यक्षमा उमा आलेमगर निर्वाचित भइन् । आले मगरले ३६ मत पाउँदा उनका प्रतिस्पर्धी राधिका शर्मा कँडेलले २७ मत प्राप्त गरिन् । परशुराम शर्मा महासचिव निर्वाचित हुनु भएको छ उहाँले ३८ मत ल्याउँदा सोही पदकी अर्की प्रतिस्पर्धी लक्ष्मी



जिसी पल्पसाले भने २५ मत प्राप्त गरि्न् । सचिवमा राजु गिरी निर्वाचित भए । उनले ४१ मत प्राप्त गर्दा उनका प्रतिष्प्रर्धी कविता घर्तीमगरले २३ मत प्राप्त गरि्न । कोषाध्यक्षमा विमल तिवारी निर्विरोध निर्वाचित भए । मञ्चको सदस्यहरुमा सर्वसम्मति भएको हो । सदस्यहरुमा गीता राना, कृष्ण दवाडी, चेतबहादुर (प्रवीण) थापा, बसबहादुर (वसन्त) शेर्पा, रिखिराम जिसी, विजय नेपाली र बालकुमारी पौडेल चयन भएका हुन् । यसैबिच, उक्त अधिवेशनको गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले उद्घाटन गर्दै गण्डकी प्रदेशको राजधानि पोखरामा खेल पर्यटनको अथाह सम्भावना भएको बताए । पर्यटनको राजधानि पोखरामा खेलकुदको समेत राजधानिको सम्भावना रहेको उनले जनाए । मन्त्रालयले खेलकुदको क्षेत्रमा बिषेश ध्यान दिदै आएको मन्त्री थापाले जनाए । मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, भूत पूर्व खेलाडी मञ्चका अध्यक्ष दील बहादुर गुरुङ, मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवाली, सल्लाहकार एकराज गिरी, पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, जिल्ला अध्यक्ष माधव बराल, सहारा क्लवका अध्यक्ष केशवराज बराल, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, महासचिव राजाराम पौडेल, सचिव शसिकुमार पौडेल, कोषाध्यक्ष कविता घर्तीमगर लगायतले वोलेका थिए । उक्त अवसरमा मञ्चले संथापक अध्यक्ष रामकृष्ण ज्ञवाली, पूर्व अध्यक्ष विनोद लामिछाने, गण्डकीका संस्थापक अध्यक्ष केशव पाठक, सल्लाहकार एकराज गिरी र रन्जन अधिकारीलाई सम्मान गरिएको मञ्चले जनाएको छ । त्यसै गरी पत्रकार कल्याणकारी कोषमा सहयोग गर्नुहुने सहारा क्लव, सुर्दशन रन्जित, विजय नेपाल र दीननाथ बराललाई सम्मान गरिएको थियो । उक्त कोषमा क्लवले ५१ ह्जार, रन्जितले २५ हजार, नेपालले ११ हजार र बरालले १० हजार सहयोग गरेका हुन् ।

# राष्ट्रिय पुरुष बास्केटबलमा गण्डकी प्रदेश च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

पोखरामा सञ्चालन भएको 'पोखरा कप' राष्ट्रिय पुरुष बास्केटबल प्रतियोगिताको उपाधि घरेलु टोली गण्डकी प्रदेशले जितेको छ ।

पोखरा रङ्गशालास्थित बास्केटबल कोर्टमा आज सम्पन्न फाइनल खेलमा बागमती प्रदेशमाथि ८१-७८ अङ्कको झिनो अन्तरको जित निकाल्दै गण्डकी च्याम्पियन बनेको हो । खेलमा गण्डकीले पहिलो क्वाटरमा २४-१८ अङ्कले अग्रता बनाए पनि दोस्रो क्वाटरमा बागमती २२-१७ अङ्कले अघि रह्यो । तृत्तीय क्वाटरमा समेत गण्डकी १७-२६ अङ्कले पछि रह्यो । तर अन्तिम क्वाटर गण्डकीले २३-१२ अङ्कले आफ्नो पक्षमा पार्दै उपाधि जित्न सफल भयो । प्रतियोगिताको च्याम्पियन बनेको गण्डकीले रु एक लाख ११ हजार एक सय ११, ट्रफी र मेडल पुरस्कार प्राप्त गर्दा उपविजेता बागमतीले नगद रु ६६ हजार छ सय ६६ मा चित्त बुझायो ।

प्रतियोगितामा लुम्बिनी प्रदेशले तेस्रो स्थान हात पारेको छ । तेस्रो स्थानका लागि भएको खेलमा कर्णाली प्रदेशलाई ९०-२६ अङ्कले लुम्बिनीले पराजित गरेको हो । लुम्बिनीले नगद रु ३३ हजार तीन सय ३३ का साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र पुरस्कार पायो । विजेता खेलाडीलाई गण्डकी प्रदेशसभाका पूर्वसदस्य मोहन रेग्मी, प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष एवं गण्डकी प्रदेश बास्केटबल सङ्घका अध्यक्ष धोजकुमार गुरुङ, नेपाल बास्केटबल सङ्घका उपाध्यक्ष जुमणप्रसाद गुरुङ, प्रदेश खेलकुद परिषद्का सदस्यद्वय शुभकन्या गुरुङ र विष्णुमाया गुरुङलगायतले पुरस्कार वितरण गर्नुभयो ।

गण्डकी प्रदेश बास्केटबल सङ्घको आयोजनामा यही माघ ७ गतेदेखि प्रतियोगिता सुरु भएको हो । प्रतियोगितामा सुदूरपश्चिम प्रदेशबाहेक ६ प्रदेशको सहभागिता रहेको थियो । पोखरामा सञ्चालन भएको यो प्रतियोगिता नवौं राष्ट्रिय खेलकुद प्रतियोगितापछिको पहिलो राष्ट्रिय बास्केटबल प्रतियोगितासमेत हो । यस प्रतियोगितालाई आसन्न दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनोटका रूपमा लिइएको छ ।

# सरकारी प्रणालीमा १९ लाख ७१ हजार किसान परिवार सूचीकृत

रासस
काठमाडौं, १० माघ

कृषि सूचना तथा प्रशिक्षण केन्द्रले हालसम्म करिब ४७.७ प्रतिशत किसान सरकारी प्रणालीमा सूचीकृत भएको जनाएको छ ।

कृषि तथा पशुपन्छी मन्त्रालयअन्तर्गत केन्द्रले बिहीबार यहाँ आयोजना गरेको प्रदेशस्तरीय किसान सूचीकरणसम्बन्धी समन्वय गोष्ठीमा केन्द्रका प्रमुख एवं सहसचिव डा रामनन्दन तिवारीले गत मङ्सिर २१ गतेको सचिवस्तरीय निर्णय अनुसार केन्द्रलाई किसान सूचीकरणका लागि आवश्यक विवरण सङ्कलन गरी विद्युतीय प्रणाली व्यवस्थापन तथा सञ्चालन गर्न केन्द्रलाई जिम्मेवारी प्राप्त भएको बताउनुभयो ।

किसानको पहिचान गरी सरकारी तबरबाट तथ्यपरक योजना तथा कार्यक्रमको तर्जुमा गर्न र किसानलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा यसलाई अघि बढाइएको उहाँले जानकारी दिनुभयो । केन्द्रले यही माघ २ गतेसम्म करिब १९ लाख ७१ हजार किसान परिवार सूचीकरण प्रणालीमा सूचीकृत भएको जनाएको छ । राष्ट्रिय कृषि गणना, २०७८ का अनुसार ४१ लाख ३० हजार किसान घरधुरी रहेका छन् । यसलाई आधार मान्दा अझै आधाभन्दा बढी किसान परिवार सरकारी सूचीकरण प्रणालीमा सूचीकृत हुन बाँकी छन् । हाल स्थानीय तहमार्फत अनलाइन प्रणालीमा किसानको विवरण सङ्कलन भइरहेको केन्द्रले जनाएको छ ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी किसानको पहिचान किसान सूचीकरण कार्यक्रम सञ्चालन हुँदै आएको छ । किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ को दफा ६ बमोजिम किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालनको लागि केन्द्रलाई जिम्मेवार निकायका रूपमा तोकिएको मन्त्रालयले जनाएको छ । किसानलाई पहिचान गरी प्रणालीमार्फत वर्गीकरण गरिने तथा कृषक परिचयपत्रलाई यथाशक्य राष्ट्रिय परिचयपत्र र मन्त्रालयवाट कृषकका लागि बनाइएका अन्य सफ्टवयरसँग आबद्ध गर्दै जाने योजना रहेको सहसचिव एवं केन्द्रका प्रमुख डा तिवारीले बताउनुभयो । उहाँले यससँगै कृषि बिमा, कृषि ऋण, रासायनिक मल, बीउ, अनुदानलगायत किसानलाई प्रवाह गरिने सेवा सुविधासँग आबद्ध गर्दै लैजानुपर्ने भएकोले किसान सूचीकरणलाई आबद्ध गराउने विषयमा छलफल तथा अन्तरक्रिया गरिएको उहाँले सुनाउनुभयो ।

# गण्डकीका चार नगरपालिका बने बालमैत्री

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

सरकारले २०८७ सालमा सबै स्थानीय तहलाई बालमैत्री स्थानीय शासनयुक्त बनाउने लक्ष्य लिएकामा गण्डकी प्रदेशमा हालसम्म चार नगरपालिका बालमैत्री घोषणा भएका छन् ।

बुधबार बागलुङको बागलुङ नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएसँगै गण्डकीमा बालमैत्री नगरपालिकाको सङ्ख्या चार पुगेको हो । बुधबार बागलुङमा सदरमुकाममा आयोजित समारोहमा उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिँहले उक्त घोषणा गर्नुभएको थियो । विसं २०७५ मा नवपुरको देवचुली नगरपालिकालाई प्रदेशकै पहिलो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएको थियो । विसं २०७७ मा स्याङ्जाको भिरकोट नगरपालिका र गत वर्ष बागलुङकै गलकोट नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएको थियो । बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८ मा विभिन्न ५१ सूचक पूरा गरेपछि बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका/गाउँपालिका घोषणा गर्न सकिने व्यवस्था छ ।

बाल बचाउमा १४, बाल संरक्षणमा १०, बाल विकास र बाल सहभागितामा छ/छ गरी सेवा प्रवाहसम्बन्धी ३६ र संस्थागत विकासमा १५ वटा सूचक पूरा भएपछि बागलुङलाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएको बालमैत्री नगर सम्पर्क व्यक्ति नगर शिक्षा अधिकारी धनप्रसाद पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार ५१ सूचकमा प्रदेश सरकारले गरेको मूल्याङ्कनमा बागलुङ नगरपालिकाले ९२ अङ्क हासिल गरेको छ ।

नगरपालिकाका १४ वटै वडालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गरेपछि नगरपालिकालाई घोषणा गरिएको हो । नगरप्रमुख बसन्तकुमार श्रेष्ठले बालमैत्री घोषणाको प्रभावकारी कार्यान्वयन र दिगोपनाका लागि आफूहरूप्रतिबद्धरहेकोबताउनुभयो। उहाँले बालमैत्री नगर निर्माणमा सबै पक्षको उत्तिकै भूमिका र दायित्व रहने बताउनुभयो । नगरपालिकाले बालमैत्री पूर्वाधारलगायत क्षेत्रमा योजनाबद्ध रूपमा काम गरेको नगरप्रमुख श्रेष्ठको भनाइ छ ।

बालमैत्री घोषणासँगै बागलुङ नगर निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त, सडक बालबालिकामुक्त बनेको उहाँले बताउनुभयो । "बालमैत्री नगर घोषणाका लागि १५ वटा कानुनहरू निर्माण गरिएको छ, यस अभियानलाई सफल तुल्याउन पूर्वाधार तयारीका लागि नगरपालिकाको महत्वपूर्ण समय र स्रोतसाधन खर्चेको छ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो । उहाँले देशकै २५औं स्थानीय तहका रूपमा बागलुङलाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएको जानकारी दिनुभयो ।

विसं २०७९ जेठमा बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने प्रतिबद्धतामा हस्ताक्षर गरी नगरपालिकाले बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा अभियानलाई अगाडि बढाएको थियो । बाल बचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी नगरपालिका बालमैत्री बनाइएको हो । बालमैत्री स्थानीय शासनले बालबालिकाको सुरक्षित भई बाँच्न पाउने हक, बालबालिकाहरूको संरक्षणसम्बन्धी हक, बालबालिकाको विकाससम्बन्धी हकको प्रवर्द्धन, बालबालिकाका लागि आधारभूत सेवा प्रवाह र योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागितालाई समेटेको छ ।

# आयोजक टोलीबाट खेल्न ३ विदेशी खेलाडी पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, १० माघ

एनसेल पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब महिला तथा पुरुष भलिबल प्रतियोगितामा आयोजक टोलीमा अनुबन्ध भएका ३ विदेशी खेलाडी पोखरा आइपुगेका छन् ।

थाइल्यान्डका जान्तिमा नोराथात, नान्तिकान टुनिपो र अम्फा सोमसुरात आयोजकबाट टोलीबाट टाइगर कप खेल्न बिहीबार साँझ पोखरा आइपुगेका हुन् । उनीहरुलाई स्वागत गर्न कप्तान अरुणा शाही, प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङ, गण्डकी प्रदेश भलिबल प्रशिक्षक रमेश केसीसहितका टोली पोखरा विमानस्थल पुगेका थिए । आयोजक टाइगर ग्रुप अफ पोखरा नेपालले पहिलोपटक आयोजक महिला टोली सहभागी बनाउन लागेको हो । आयोजक टोलीको नेतृत्व राष्ट्रिय भलिबल टोलीकी कप्तान अरुणा शाहीले गर्ने छिन् । टोलीको प्रशिक्षकको रुपमा अर्जुन घिमिरे रहनेछन् । टोलीमा तीन विदेशीसहित राष्ट्रिय यु-२० टोलीबाट खेलेका ४ खेलाडी समावेश छन् । गत साउनमा भएको काभा यू-२० महिला भलिबलमा नेपालको कप्तानी गरेकी मिना सुनारसहित निशा चौधरी, अनुषा चौधरी र आरती चौधरी टाइगर कपमा आयोजकको टोलीमा छन् । यसबाहेक गण्डकी प्रदेशबाट खेलिरहेका खेलाडीलाई टोलीमा समावेश गरिएको छ ।

माघ १२ देखि १९ गतेसम्म पोखरा रंगशालास्थित भलिबल कोर्टमा हुने उक्त प्रतियोगितामा महिलातर्फ आयोजकसहित एक विदेशी गरी ६ टोलीले सहभागिता जनाएका छन् । आयोजकका अनुसार विभागीय टोलीबाहेक अन्य टोली पनि विदेशी खेलाडी अनुबन्ध गर्ने छन् । पुरुषतर्फ पनि एक विदेशीसहित ६ टोली सहभागी भएका छन् ।


# गोरखामा आगलागी हुँदा तीन घर जलेर नष्ट

पोखरापत्र संवाददाता
गोरखा, १० माघ

गोरखाको चुमनुब्री गाउँपालिका-६, ताजुमा आगलागी हुँदा तीन वटा घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् ।

बिहीबार साँझ स्थानीय कुञ्जन छिरिङको दुईतल्ले कच्ची घरसहित तीन वटा घर जलेको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक ध्रुवप्रसाद शर्माले जानकारी दिनुभयो । खाना पकाउने चुल्होमा बलिरहेको आगो घरबाहिर फाल्न प्रयोग भएको पाइपमा सल्किएपछि आगलागी भएको उहाँले बताउनुभयो । आगलागीबाट छिरिङको दुई वटा कच्ची घर, भूकम्पपछि निर्माण गरिएको अर्को एक घर जलेको हो । घरभित्र रहेका अन्नपात, लत्ताकपडा, भाँडाकुँडा जलेर नष्ट भएको शर्माले जानकारी दिनुभयो ।

त्यस्तै एउटा घरको भुइँ तल्लामा रहेको आठ वटा गाई र तीन वटा गोरु आगलागीमा परेर मरेको उहाँको भनाइ छ । सोही ठाउँमा रहेका पाँच वटा गाईको भने उद्धार गरिएको छ । आगलागीबाट कुनै मानवीय क्षति भने भएको छैन । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । आगलागीको जानकारी प्राप्त भए लगत्तै चुन्चेत प्रहरी चौकीबाट खटिएको प्रहरीको टोली र स्थानीयवासी मिलेर आगो निभाएको हो ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# जिम्मेवार नेताको गैरजिम्मेवार अभिव्यक्त

राजनीतिक स्थिरता दिन दुई ठूला दल नेपाली काङ्ग्रेस र नेकपा (एमाले)मिलेर सरकार संचालन गरेका छन । दुई दलबीच सम्बन्ध विग्रन नदिन संयन्त्र निर्माण गरेका छन । सरकार संचालनका लागि समस्या आइपरेको अवस्थामा दुई दलीय संयन्त्रबाट हल खोजिने गरिएको छाकर्णाली केन्द्रबाट पार्टीको निर्णय नमान्ने प्रबृत्ति बद्दो छ । कर्णाली प्रदेशको सत्ता साझेदार नेपाली कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले सरकारबाट बाहिरिने चेतावनी दिएका छन् ।

वाइडबडी प्रकरण मुद्दामा सफाइ पाएसँगै शाही प्रदेश सभाको पाँचौं अधिवेशनको पहिलो बैठकमा आक्रामक रूपमा प्रस्तुत भएपछि कांग्रेस सरकारबाट बाहिरिने आशंका गरिएको छ । कांग्रेसको समर्थनमा एमाले संसदीय दलका नेता यामलाल कँडेल मुख्यमन्त्री बनेको ६ महीनामै गठबन्धनभित्रको विवाद बाहिर आएको छ । "यसै साताभित्र आठबुँदे सहमति कार्यान्वयनको अवस्थाका बारेमा जानकारी दिन माग गर्दछु," शाहीले सोमबारको प्रदेश सभा बैठकमा चेतावनी दिँदै भने, "यदि कार्यान्वयन नभएको पाइए पवित्र गठबन्धन गर्नेहरू बस्नुहोला, हामी सरकारबाट बाहिर बस्नेछौं ।"

सरकार छोड्दा कारबाही भोग्नुपरे पनि आफू तयार रहेको उनले घुर्की लगाए।"यता सरकार छोड्दा कारबाहीको पनि तयारी होला, त्यो पनि भोग्न तयार छु," कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री शाहीले भने, "अन्याय सहेर सरकारमा बसिन्नँ ।" शाहीका अभिव्यक्तिले सरकार अहिल्यै न्याय पाउन सकिदैन भन्ने एमाले नेताहरूले फरक फरक धारणा व्यक्त गरेका छन् । चित्त नबुझेको कुरामा गठबन्धनभित्र छलफल र बहस गर्नुको साटो एक्कासी संसद्मै बोल्नु उचित नभएको तर्क कतिपयको छ । एमालेका प्रमुख सचेतक टेकराज पछाईंले शाहीको भनाइले गठबन्धनमा समस्या नहुने बताए। "उहाँले आफूलाई चित्त नबुझेको कुरा राख्नु उहाँको व्यक्तिगत कुरा हो," उनले भने, "यसले गर्दा गठबन्धनमा कुनै समस्या पर्दैन ।" यस्ता विषय गठबन्धनभित्रै छलफल गर्नु उचित हुने उनको भनाइ छ ।

जिम्मेवार नेताहरू गठबन्धनको मर्म अनुसार चल्ने र व्यबहार चलाउने अपेक्षा धेरैको हो । गठबन्धन भन्न नसक्ने र एमाले, काङ्ग्रेस गठबन्धन गरेर कर्मचारीको विश्वास जितेर काम गर्नुपर्नेछ । सबैले घेराबन्दी पारेको बेला सार्वजनिक खपतका लागि सरकारमा बस्दैनौ भन्ने भनाई अव्यावहारिक हो । नेतृत्वको परिक्षा यस्तै बेला हुन्छ । आफूलाई सम्हाल्ने र गठबन्धनको भावना अनुरूप चल्नु अहिलेका लागि श्रेस्कर हुनेछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पोखरा युनाइटेड एकेडेमीले 'फुड फेस्टिभल एण्ड कन्सर्ट-२०८१' गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १० माघ

पोखरा महानगरपालिका वडा नं १२ स्थित पोखरा युनाइटेड एकेडेमीले पहिलो पटक 'फुड फेस्टिभल एण्ड कन्सर्ट-२०८१' आयोजना गर्ने भएको छ । कक्षा ११ र १२ मा होटल व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थीलाई प्रोत्साहन गर्ने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको विद्यालयले जनाएको छ ।

कार्यक्रम माघ १५ गते हुने र सो अवसरमा विभिन्न १५ प्रकारका खानाका परिकार प्रस्तुत गरिने बिहीबार आयोजित पत्रकार सम्मेलनमा विद्यालयका प्राचार्य बयानबहादुर गोदारले जानकारी दिए । कार्यक्रम दिउँसो २ बजेदेखि सुरु भएर साँझसम्म चल्नेछ । फेस्टिभलमा पोखराका नाम चलेका चार तारे होटलमा तालिम प्राप्त विद्यार्थीले खानाका परिकार तयार गरेर प्रस्तुत गर्नेछन् । प्राचार्य गोदारले विद्यार्थीलाई अध्ययनसँगै स्वरोजगार बनाउने लक्ष्य विद्यालयको रहेको बताए । विद्यालयका सहायक प्राचार्य देवेन्द्र अधिकारीका अनुसार कार्यक्रममा सहभागी हुने कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई एक सय, कक्षा ४ र



५ का विद्यार्थीलाई दुई सय, कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई तीन सय, शिक्षकशिक्षिका तथा अभिभावका लागि पाँच सय रुपैयाँको टिकटको व्यवस्था गरिएको छ । टिकट काटेपछि सोही रकम बराबरको खानाका परिकार रोजेर खान पाइनेछ । खानाका परिकार अर्ग्यानिक हुनेछन् । स्वादभन्दा पनि स्वास्थ्यलाई ध्यानमा राखिने अधिकारीले बताए । उनका अनुसार विद्यालय आसपासका सबै छिमेकीलाई निमन्त्रण पत्र पठाएर कार्यक्रममा सहभागी गराएर विद्यालयका गतिविधिबारे जानकारी गराइनेछ । कार्यक्रममा कमेडी च्याम्पियन सिजन-३ का उत्कृष्ट १२ कमेडियनले कमेडी प्रस्तुत गर्नेछन् । जसमा कमेडी च्याम्पियन विजेता सुनिल खड्का, उत्कृष्ट प्रतिस्पर्धी कर्मसिंह लामा, प्रतीक अधिकारीलगायत हुनेछन् । यसैगरी लोकल व्याण्डको लाइभ म्युजिकमा समेत सहभागी रमाउन पाउनेछन् । लोकल व्याण्ड विद्यालयकै समूह हुने भने जोजीजू म्यूजिक व्याण्डले त्यसमा साथ दिने विद्यालय व्यवस्थापन समिति अध्यक्ष शिवबहादुर भण्डारीले जानकारी दिए । यसले विद्यार्थीकै प्रतिभा प्रस्फुटनमा मद्दत पुर्याउने उनले विश्वास व्यक्त गरे । अध्यक्ष भण्डारीले सिक्ने र सिकाउने थलोका रुपमा विद्यालय भएकाले आफूहरुले सोही प्रकारको वातावरण सिर्जना गरेका स्पष्ट पारे । विद्यालयले आगामी दिनमा मोवाइल, टीभी र अन्तर्राष्ट्रिय भाषासँग सम्बन्धित कक्षा सञ्चालनको तयारी गरेको उनले बताए । २०५० सालमा स्थापित विद्यालयमा हाल आठ सय ५० विद्यार्थी रहेकामा कक्षा ११ र १२ मा मात्रै दुई सय २० विद्यार्थी छन् । विद्यालयका कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन र होटल व्यवस्थापनको पढाई हुँदै आइरहेको छ ।

# व्यावसायिक आलु उत्पादन गर्न आलुका जातको अनुसन्धान गरिँदै

**रासस**
चितवन, १० माघ

आलु खेतीलाई थप व्यावसायिक बनाउने उद्देश्यले जिल्ला कृषि कार्यालयले यहाँको खैरहनी नगरपालिका-१० खरखुट्टेमा आलुका जातको अनुसन्धान गर्दै आएको छ ।

कार्यालयले वार्षिक कार्यक्रम अन्तर्गत आलुको उन्नत जात तथा स्वदेशी एवं विदेशी हाइब्रिड जातको अनुसन्धान गर्न यहाँ आलु लगाएर परीक्षण गर्दै आएको हो । कार्यालयका सूचना अधिकारी सुरुचि त्रिपाठीका अनुसार यस स्थानमा विभिन्न १० प्रकारका आलुको अनुसन्धान भइरहेको छ । उहाँले १० वटा आलुका जातमध्ये सात वटा आलुका जात युरोपबाट ल्याएर परीक्षण तथा अनुसन्धान गरिरहेको बताउनुभयो । यी जात परीक्षणका क्रममा रहेको र सूचिकृत भइनसकेको उहाँको भनाइ छ । आलु खनेपछि थप अनुसन्धान हुने त्रिपाठीले बताउनुभयो । यहाँका किसान कृष्णप्रसाद अर्यालको खेतमा आलुका जातबारे अनुसन्धान गरिँदै आइएको हो । अर्यालका अनुसार यहाँ आलु उत्पादन धेरै भएपनि बजार मूल्यमा एकरुपता छैन । व्यापारीले सकेसम्म कम मूल्यमा खरिद गर्ने हुँदा यसका लागि आलुको जात कायम गरी मूल्यमा एकरुपता ल्याइनुपर्ने उहाँ बताउनुहुन्छ । उहाँले यस क्षेत्रबाट वार्षिक रु ३७ करोडसम्मको आलु बिक्री हुने गरेको बताउनुभयो । व्यापारी र उपभोक्ताले खोजेको जातको आलु लगाउन सकेमा यस क्षेत्रबाट धेरै मात्रामा आलु उब्जाउन सकिने र मूल्य बढी पाइने उहाँ बताउनुहुन्छ । कृषि कार्यालयले यहाँ अध्ययन गर्दै आएको आलुमा ०.५२, २५.७, एल्बर स्टोन रसेट, क्यामेन, स्यागिटा, क्युन्टेरा, इनोभेटरलगायतका जात छन् । त्यसैगरी फ्राइसोना, सन्ताना र स्थानीय नीलो जातका आलु पनि कार्यालयले अनुसन्धान गर्दै आएको छ ।

औद्योगिक आलुका रुपमा फ्रेन्चफ्राइ, चिप्सजस्ता वस्तु उत्पादनका लागि आवश्यक आलु जिल्लामा उत्पादन गर्न सकिन्छ की सकिँदैन भन्ने अध्ययन भइरहेको र सम्पूर्ण नजिता यसवर्ष आलु खनेपछि प्राप्त हुने जिल्ला कृषि कार्यालयका प्रमुख झलकनाथ कँडेलले बताउनुभयो ।

किसानले लगाउँदै आएका परम्परागत आलु भन्दा परीक्षणका लागि लगाइएका आलुको उत्पादन, आकार, लोकप्रियता, स्वाद, रोग किराको आक्रमण, बिक्री वितरणमा सहजतालगायतका विषयमा अध्ययन गरिँदै आइएको उहाँको भनाइ छ ।

# काठमाडौँमा दक्षिण एसियाली नारीवादसम्बन्धी कला प्रदर्शनी हुने

**रासस**
काठमाडौं, १० माघ

दक्षिण एसियाली महिला कलाकारको नारीवादसम्बन्धी बृहत् कला प्रदर्शनी आयोजना हुने भएको छ। यही माघ १२ गतेदेखि काठमाडौँमा सुरु हुने प्रदर्शनीमा दक्षिण एसियाका दश जना महिला कलाकारले आफ्ना सृजना प्रदर्शन गर्नेछन् ।

बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा 'फेमिनिस्ट फ्युचरः आर्ट, एक्टिभिजम एण्ड साउथ एशियन वुमनहुड' शीर्षकको प्रदर्शनीले दक्षिण एशियामा नारीवाद, कला र सक्रियताका जटिल पक्ष उजागर गर्ने जानकारी दिइयो । डा अर्शिया लोखन्डवालाको परिकल्पनामा आयोजना हुन लागेको प्रदर्शनीले पितृसत्तात्मक संरचना, परम्परागत सोच र लैङ्गिक राजनीतिजस्ता विषय सम्बोधन गर्नेछ । तारागाउँ नेक्स्टको आयोजना र सराफ फाउन्डेसनको सहकार्यमा काठमाडौँको बौद्धस्थित तारागाउँ सांस्कृतिक केन्द्रमा हुने प्रदर्शनी सर्वसाधारणले तीन महिनासम्म अवलोकन गर्न सक्नेछन् । "म नेपालसँग लामो समयदेखि परिचित छु, यहाँको समाज र महिलाको अवस्थाबारे पनि केही जानकारी छ, त्यसैले नेपालमा यस प्रकारको प्रदर्शनी आयोजना गर्न खोजिरहेकी थिए, धेरै वर्ष अगाडि आउँदा जीवित देवी कुमारीको दर्शनपछि यस विषयमा प्रदर्शनी गर्नुपर्छ भन्ने लागेको थियो", डा लोखन्डवालाले भन्नुभयो । प्रदर्शनीमा भारतका चार, नेपालका तीन र श्रीलङ्का, पाकिस्तान र बङ्गलादेशका एक/एक महिला कलाकारका सृजना रहनेछन् । आयोजकका अनुसार भारतीय कलाकारहरु अनिता दुबे, मिथु सेन, शेबा छाच्छी र पुष्पमाला, नेपाली कलाकार अश्मिना रञ्जित, विधाता केसी र उमा विष्टसँगै श्रीलङ्काकी अनोली पेरेरा, पाकिस्तानकी नाइजा खान र बङ्गलादेशकी तायबा बेगम लिपिका सृजना प्रदर्शनीमा रहनेछन् । सबै कलाकारले कलामार्फत पारम्परिक लैङ्गिक भूमिकालाई चुनौती दिँदै महिलाको स्वायत्तता र समाजिक संरचनाहरूको प्रभाव उजागर गर्ने प्रयास गर्नेछन् । "प्रदर्शनीले दक्षिण एसियाली महिला कलाकारको शक्तिलाई उजागर गर्नेछ", उहाँले भन्नुभयो, "कलामार्फत गहिरो गरी समाजमा व्याप्त पितृसत्तात्मक संरचनाहरूको विरोध र सोचमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्नेछ ।"

नेपालको महिला अधिकारसँग सम्बन्धित मुद्दालाई दक्षिण एशियाली देशका महिला अधिकारका विषयसँग सम्बन्धित सङ्घर्षसँग जोड्ने प्रयासस्वरूप प्रदर्शनी आयोजना गरिएको सराफ फाउन्डेशन तथा तारागाउँ नेक्स्टकी संस्थापक निर्देशक नमिता साराफको भनाइ छ। "प्रदर्शनीमार्फत भारत, पाकिस्तान, श्रीलङ्का र बङ्गलादेशका महिलाको सङ्घर्षसँगै नेपाली महिलाका समस्यालाई प्रकाशमा ल्याउन चाहन्छौँ", उहाँले भन्नुभयो ।

# महिला 'हाफ म्याराथन' आगामी बुधबार

**पोखरापत्र संवाददाता**
दमौली, १० माघ

व्यास नगरपालिकाले खेलकुदमार्फत धार्मिक तथा ऐतिहासिकस्थल जोड्ने प्रयास गरेको छ । धार्मिक पर्यटकीयस्थल व्यास गुफा र ऐतिहासिकस्थल तनहुँसुरलाई खेलुकदमार्फत जोड्न महिला आगामी बुधबार हाफ म्याराथन हुन लागेको हो ।

धार्मिकरुपमा परिचित व्यासगुफा र ऐतिहासिकस्थलको रुपमा परिचित तनहुँसुरलाई खेलका माध्यमबाट जोड्ने उद्देश्यसहित यही माघ १६ गते हाफ म्याराथन आयोजना हुने नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम हुनेलाई रु ४१ हजार ८१, द्वितीय हुनेलाई रु ३१ हजार ८१, तृतीयलाई रु २१ हजार ८१ र पाँच जनालाई जनही रु ११ हजार ८१ का दरले सान्त्वना पुरस्कार प्रदान गरिने उहाँले बताउनुभयो । एक्काइस किलोमिटर दौड व्यासगुफादेखि अनसनचौतारी,दुर्गामन्दिर,भोर्लेटारचोक, गणेशमानचोक, वन कार्यालय, सफासडक हुँदै पृथ्वीराजमार्गको तालघरे, बाराहीरानी मार्गको रानीगाउँ, दरैपधेरा, पराजुलीचोक, पराशर मार्गको बेलटारी, खड्गकाली मार्गको चिसापानी, अर्चलचौर, धरमपानी, गङ्गलथोक, पत्यारचोक, चण्डिथान, गद्धीचौतारा हुँदै व्यास-११ स्थित ऐतिहासिक तनहुँसुर दरबारमा पुगेर टुङ्गिनेछ ।

# सभापति कप फुटबलः सङ्कटा क्लब विजयी

**रासस**
काठमाडौं, १० माघ

राजधानीमा आजदेखि सुरु सभापति कप पुरुष फुटबल प्रतियोगितामा सङ्कटा क्लबले विजयी सुरुआत गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सम्पन्न खेलमा सङ्कटा क्लबले चर्च ब्वाइज युनाइटेड क्लबलाई ३-० गोलअन्तरले पराजित गरेको हो । सङ्कटाको जितमा अबेक रिर्चडले दुई गोल गरे भने चन्दन दासले एक गोल गरे । खेलको २३औं मिनेटमै रिचर्डले सङ्कटालाई सुरुआती अग्रता दिलाए । त्यस्तै खेलको ७०औं मिनेटमा श्रीजन क्षेत्रीले चर्च ब्वाइजका कप्तान अनन्त तामाङलाई बिट गर्दै दिएको बललाई रिचर्डले नै जाली चुमाउँदै टोलीको अग्रता दोब्बर बनाए । खेलको ७३औं मिनेटमा चन्दन दासले गोल गरे । उक्त हारसँगै चर्च ब्वाइज प्रतियोगिताबाट बाहिरिएको छ । भोलि दिउँसो ३ बजे मच्छिन्द्र क्लब र विभागीय टोली एपिएफ कल्बबीच प्रतिस्पर्धा हुनेछ। नकआउट चरणमा सञ्चालन भएको उक्त प्रतियोगितामा विभिन्न आठ टोलीको सहभागिता छ । प्रतियोगिताको विजेता टोलीले रु २६ लाख तथा उपविजेता टोलीले रु १३ लाख प्राप्त गर्नेछ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं १७ बेलघारीमा बाटो निर्माण गर्नको लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः बेलघारी बाटो निर्माण
ठेगानाः पोखरा-१७, बेलघारी
योजना सम्झौता मितिः २०८१/०९/०७ गते
योजना सुरु मितिः २०८१/०९/१५ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/१५ गते
योजनाको कुल लागतः रु ५,८८,२६६/०९
महानगरपालिकाबाटः रु ५,००,०००/-
जनसहभागिताः रु ८८,२६६/०९
उपभोक्ता समितिः अध्यक्षः राजेन्द्र बहादुर कुँवर
सचिवः राजकुमार थापा कोषाध्यक्षः भिम कुमारी कार्की
सदस्यहरुः ललित गुरुङ, देवराज सुवेदी, रिता आले र भारती भुजेल
अनुगमन समिति संयोजकः धन बहादुर भुजेल
सदस्यहरुः इन्द्रबहादुर खत्री र खेमराज सुबेदी

**बेलघारी बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१७, बेलघारी**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं १८ तल्लो चंखपुर भाटेबारी मसार पहिरो नियन्त्रण गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।
योजनाको नामः तल्लो चंखपुर भाटेबारी मसार पहिरो नियन्त्रण
ठेगानाः पोखरा-१८, चंखपुर टोल
उपभोक्ता समितिको नाम : योजना सम्झौता :२०८१/०८/१२
योजनाको काम सुरु :२०८१/०८/१०
योजना काम सम्पन्न :२०८१/१०/०८
पोखरा महानगरपालिकाबाट प्राप्त रकम : ५,००,०००
उपभोक्ताबाटः ८८,९०५.६८
कुल लागतः रु. ५,८८,९०५.६८
उपभोक्ता समिति अध्यक्षः तारा तिमिल्सिना मो. ९८४६०२२७६१
जम्मा सदस्य संख्याः ७
महिला सदस्यः ३ पुरुषः ४

**तल्लो चंखपुर भाटेबारी मसार पहिरो नियन्त्रण उपभोक्ता समिति पोखरा-१८, चंखपुरटोल**

# चौबिस वर्षदेखि वनपाखामा भेँडाबाख्रासँग रमाउँदै लमजुङ गुरुङ

**जनक श्रेष्ठ**
लमजुङ, १० माघ/रासस

लमजुङ दोर्दी गाउँपालिका-५ सिम्रुङका ५२ वर्षीय दुरजङ गुरुङ विगत २४ वर्षदेखि भेडाबाख्रा चराउँदै श्रीमञ्जाङदेखि ओखरी, साल्मे, सिम्रुङ हुँदै लेपेखर्कसम्म पुग्नुहुन्छ ।

फेरि हिउँद लागेपछि लेपेखर्कदेखि सो स्थान हुँदै श्रीमञ्जाङसम्म भेडाको बथानको पछि लाग्दै पुग्नुहुन्छ । बितेका २४ वर्ष उहाँलाई २४ दिन जस्तै लाग्छ । भेडाबाख्रालाई आफ्नो सन्तान जत्तिकै माया गर्ने उहाँलाई भेडाका बथानको पछि लाग्दालाग्दैसमय बितेको पत्तै पाएन । भेडाबाख्रा पछि लागेको उहाँ आजसम्म तीनै भेडाबाख्राको पछिपछि लागिरहनुभएको छ । गोठाला गुरुङ बाबाको मुत्यु, दाइ र ठूलोबाबाहरूले दुःख भयो भनेर गोठ छाडेपछि गुरुङ समुदायको पुर्ख्यौली पेसा धान्न, केही पैसा कमाउन र जीवन धान्ने पेसा बनाउनका लागि विसं २०५७ मा कक्षा १० को टेस्ट



फेल भएपछि यही गोठ सम्हाल्दै आउनुभएको छ। उहाँले सुरुमा आफ्नोसहित २८ जनाको ८०/९० वटा भेडाबाख्रा रहे पनि अहिले सङ्ख्या बढाउँदै दूधपोखरी गाउँपालिका-६ जोर्नेको २१ घर र सिम्रुङको गरी ४५ घरका सानाठूला गरेर आठ सयभन्दा बढी भेडाबाख्रा रहेका सुनाउनुभयो। उहाँलाई तीन जनाले सघाउँदै आएका छन् । मान्छेबाहेक चारवटा कुकुरले पनि सुरक्षा दिँदै आएको छ। यतिका भेडाबाख्रा हुनुअघि करिब पाँच वर्षअघि सात सयवटा रहेको र एकै चोटि तीन सयवटा भेडाबाख्रा बिक्री गरेको र चार सय सङ्ख्याबाट बढ्दै हाल सो सङ्ख्यामा पुगेको भंडी गोठाला गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, “यस भेडीगोठबाट बर्सेनि १५/१६ लाख बराबरको भेडाबाख्रा बिक्री हुने गरेको छ । भेडा एक वर्षकोलाई १५ हजार, दुई वर्षकोलाई २० हजार तथा तीन वर्षकोलाई ३० हजार, यसरी नै बिक्री हुने गरेको बताइएको छ । विशेषगरी दसैंतिहार, मङ्सिर, पुस र फागुन महिनामा भेडाबाख्राको माग हुने गरे पनि विगतको वर्षहरूमा जस्तो अचेल बिक्री कम हुन थालेको छ। पहिला भेडाबाख्रा जतातते थिएनन्, अहिले घरघरमै हुन थालेपछि माग घट्न थालेको भेडीगोठाला गुरुङले दुखेसो गर्नुभयो । गोठका लागि प्रतिदाताहरूले कम्तीमा एक हजारदेखि माथि दिने गर्ने र अन्नपानी पनि दिने गरेको र सोही भरमा आफूहरूले गुजारा चलाउँदै आएको उहाँले सुनाउनुभयो। उहाँले तीनजना गोठालाहरूलाई वार्षिक रु एक/एक लाख दिने गरेको र आफूले अन्य खर्च गरेर लिने र नरहे नलिने गरेको बताउनुभयो।

भेडी बाख्राले अरूको अन्नबाली खाएमा क्षतिपूर्ति दिने गरेको छ । चरन क्षेत्र अभाव, खर्क जानेआउने बाटो समस्या, मौसम परिवर्तनले विभिन्न समस्या हुँदा भेडीगोठ धान्न गाह्रो भएको र दुःख अनगिन्ती रहेको उहाँले बताउनुभयो। आफूले पालेको भेडाबाख्रा बिक्री गरेर वार्षिक डेढ लाख जति आम्दानी हुने गरेको छ, तर बाघभालुले नोक्सान गऱ्यो भने त्यही पनि नहुने उहाँको भनाइ छ । उहाँले यही गोठाला गरेर सो बिक्रीबाट आएको रकमले श्रीमती, दुईवटा छोरी र एक छोराको जीवन चलाउँदै आउनुभएको छ । उहाँले भन्नुभयो, “कान्छी छोरीको त विवाह भयो, यतिबेला कान्छी छोरीबाहेक हाम्रो जीवन यसै पैसाबाट दुःखले चलाएको छु, सुखचैनले जीवन चलाउन पाएन । अरू पेसा पनि जानेको छैन, जेजस्तो भए पनि यही पेसा गरिरहेको छु, यसैमा रमाउनुको विकल्प नभएको गोठाला गुरुङले बताउनुभयो । आफ्नो पालासम्म आफूले भेडीगोठ धाने पनि नयाँ पुस्ताले भेडीगोठप्रति बेवास्ता गर्दा भेडीगोठ लोप हुन लाग्यो, चिन्ता लाग्छ, सरकारले नै नयाँ पुस्तालाई प्रोत्साहन गर्दै तालिम दिएर भेडीगोठ जोगाउनुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, “चैत-वैशाखमा बैंसीमा घाँस सकिन्छ, लेकमा घाँस पलाउँदैन, हिउँ परिरहन्छ, घाँसको समस्या छ।” खर्कमा एक भारी दाउरा जोहो गर्न पनि एक दिनभरि लाग्ने गरेको छ। सामुदायिक वनमा चराउनका लागि पनि दैनिक पैसा बुझाउनुपर्छ।

कुनै पनि सामुदायिक वनमा अनुमतिबिना भेडाबाख्रा गएमा क्षतिपूर्ति दिँदै आएको उहाँको भनाइ छ । लेक खर्कमा भेडीगोठालाई समस्या नै समस्या भइरहेको हुन्छ। फोन लाग्दैन, फोन लाग्ने ठाउँ खोज्नुपर्छ । सामान्य दुःख बिमार हुँदा जङ्गलकै जडीबुटी खाएर बस्छौं, तर ठूलो बिरामी भएर वा कुनै घटना घट्दा बैंसीसम्म आउन १० दिन लाग्छ उहाँले भन्नुभयो । यसैबीच, दोर्दी गाउँपालिका पशुपन्छी शाखाका कर्मचारी प्रवीण रेग्मीले रु १५ लाख बजेट रहेकाले सबै भेडीगोठका भेडाबाख्रालाई आन्तरिक परजीवीका औषधि खुवाउने औषधिमा डुबाउने मात्र गर्दै आएको बताउनुभयो। भेडीगोठ लोप हुन नदिन र गोठालाहरूका लागि विभिन्न कार्यक्रम गर्दै आए पनि हाल पर्याप्त बजेट नभएकाले सबै समस्याको हल हुन नसके पनि आगामी वर्षहरूमा सम्बोधन गर्दै जाने दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीले बताउनुभयो।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ को लाम पोखरी भौलादी सडक निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।
योजनाको नाम : लाम पोखरी भौलादी सडक निर्माण
उपभोक्ता समितिको नाम: लाम पोखरी भौलादी सडक निर्माण उपभोक्ता समिति, पोखरा-२१
योजना सम्झौता मिति : २०८१/०७/२०
योजना सम्पन्न मिति : २०८१/११/१५
महानगरपालिका बाट प्राप्त : १०,००,०००/-
जनसहभागीता : १,७२,६६९/२४
योजनाको कुल लागत : ११,७२,६६९/२४
उपभोक्ता समिति
अध्यक्ष : राजेन्द्र पौडेल,
उपाध्यक्ष : झम्मकनाथ पौडेल
सचिव : रेशम लाल पौडेल
कोषाध्यक्ष : मेनका पौडेल
सदस्यहरु एकनारायण पौडेल, कल्पना पौडेल र संगिता पौडेल


# गुरुहरुको स्मृतिमा देवेन्द्र-भगवान स्मृति अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १० माघ



आफुलाई शिक्षा प्रदान गरेका गुरुहरुको स्मृतिमा पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माविमा अक्षयकोष स्थापना गरिएको छ।

सोही विद्यालयवाट वि.सं. २०३८ सालमा प्रवेशिका परिक्षामा सहभागी भएका विद्यार्थीको समुहले तत्कालिन विद्यालयका प्रधानाध्यापक स्वर्गीय देवेन्द्रराज रेग्मी र भगवानसिंह आलेको स्मृतिमा १ लाख ३० हजार रुपियाँको “देवेन्द्र-भगवान स्मृति एसएलसी व्याच २०३८ अक्षयकोष” स्थापना गरिएको सो समुहको नेतृत्व गर्नुभएका राम वहादुर बानियाँले जानकारी दिनुभयो । विद्यालयमा आयोजित कार्यक्रममा सो रकम बराबरको चेक समुहका राम वहादुर बानियाँ, हरि वरुवाल, केशव वहादुर वस्नेत लगायतले विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यलाई हस्तान्तरण गर्नुभयो । सो रकमवाट प्राप्त व्याजले कक्षा ६ मा अध्ययन गर्ने उत्कृष्ट गरिव तथा जेहेन्दार विद्यार्थीलाई नगद ६ हजार रुपैयाँ, दश कक्षामा पढिन्जेलसम्म निरन्तर प्रदान गरिने वताईएको छ। कार्यक्रममा बाँनियाले शिक्षाको ज्योति प्रदान गर्ने गुरुहरुको योगदानलाई चीर स्थायी बनाउन र आफु अध्ययन गरेको विद्यालयलाई जहाँ भए पनि स्मरण गर्नुपर्छ भन्ने आर्दशलाई मनन गरी रकम संकलन गरेर अक्षयकोष स्थापना गरेको बताउनु भयो। विद्यालयका प्रधानाध्यापक आचार्यले २०३८ को व्याचले गरेको कार्य प्रसंशनिय रहेको बताउँदै, यसले गुरुहरु प्रति सच्चा सम्मान् भएको स्मरण गर्नुभयो। कोष स्थापनाका लागि तत्कालिन व्याचका विद्यार्थीवाट नगद संकलन गरिएको थियो । कोषलाई भविष्यमा २ लाखसम्म बनाईने बताईएको छ।

# स्याङ्जामा १४ वटा शीत भण्डार निर्माण

**पोखरापत्र संवाददाता**
वालिङ, १० माघ

स्याङ्जामा शीत भण्डार स्थापनासँगै यहाँ उत्पादित कृषिजन्य वस्तुको भण्डारमा सहज भएको छ। कृषिजन्य वस्तु उत्पादन भएकै समयमाभन्दा केही समय भण्डारण गरेर बिक्री गर्दा राम्रो बजार मुल्य पाउने भएकाले जिल्लाका विभिन्न पालिकामा शीत भण्डार स्थापना गरिएको हो।

विशेष गरी जिल्लामा धेरैमात्रामा उत्पादन हुने सुन्तला, आलुलगायतका कृषिजन्य उत्पादनको भण्डारणका लागि शीत भण्डारले सहज भएको हो।

स्याङ्जाका एघार स्थानीय तहमध्ये हाल आठ स्थानीय तहमा १४ शीत भण्डार निर्माण भएका कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले बताउनुभयो । उहाँका अनुसार विभिन्न क्षमतामा १४ वटा शीत भण्डार निर्माण भएपनि हाल १० वटा सञ्चालनमा रहेका छन्। “केन्द्र, प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा स्याङ्जाका विभिन्न स्थानीय तहमा शीत भण्डार निर्माण भएका छन्” उहाँले भन्नुभयो, “यहाँ सञ्चालनमा रहेका शीत भण्डारमा कृषिजन्य उत्पादनको भण्डारणमा सहज भएको छ ।” जिल्लामा शीत भण्डार नहुँदाको बखतमा यसअघि भैरहवा, पोखरालगायतका ठाउँमा रहेका शीत भण्डारमा विशेष गरी सुन्तला, आलुलगायतका कृषिजन्य उत्पादनको भण्डारण गर्नुपर्ने बाध्यता रहेको थियो।

स्याङ्जाको वालिङ नगरपालिकामा तीन, गल्याङ नगरपालिका, पुतलीबजार नगरपालिका, फेदीखोला गाउँपालिका, बिरुवा गाउँपालिकामा दुई/दुई वटा, आँधीखोला गाउँपालिका, अर्जुनचौपारी गाउँपालिका, चापाकोट नगरपालिकामा एक/एक वटा शीत भण्डार रहेका छन्। स्याङ्जाको पुतलीबजार नगरपालिका-११ जैंसीडाँडामा जिल्लामै सबैभन्दा ठूलो क्षमताको स्याङ्जा शीत भण्डार स्थापना भई सञ्चालनमा आएको छ । उक्त शीत भण्डारको क्षमता एक हजार दुई सय मेट्रिकटन रहेको छ । जिल्लामा हाल सञ्चालनमा रहेका १० वटा शीत भण्डारमा कुल दुई हजार १०० मेट्रिकटन कृषिजन्य उत्पादन भण्डारण गर्न सकिने उहाँले बताउनुभयो । “अहिलेको समय जिल्लामा अधिक मात्रामा उत्पादन हुने सुन्तला तथा केहीमात्रामा आलु भण्डारण गरिएको छ” उहाँले भन्नुभयो, “सुन्तला शीत भण्डारबाट निकालेपछि प्रायःसबैजसोमा आलु भण्डारण हुन्छ ।” यहाँ उत्पादन भएको बीउ आलु भण्डारण गर्न भैरहवालगायतका ठाउँमा लैजाँदै आएकोमा गाउँमै शीत भण्डार स्थापना भएसँगै सहज भएको गल्याङ ११ जिमुहाँका अगुवा कृषक रुमलाल कडेलले बताउनुभयो । टाढा लैजानुपर्दा ढुवानी धेरै लाग्ने र समय पनि उत्तिकै धेरै लाग्ने गरेकोमा गाउँमै शीत भण्डार सञ्चालनमा आएपछि लागत कम लाग्ने गरेको उहाँले बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १ राष्ट्रिय मा.वि. हीरक महोत्सव स्तम्भ निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः राष्ट्रिय मा.वि. हीरक महोत्सव स्तम्भ निर्माण
ठेगानाः पोखरा-१, पुरानो टुँडिखेल
योजना सम्झौता मितिः २०८१/०७/१२
योजना सम्पन्न हुने मितिः २०८१/०८/३०
योजनाको कुल लागतः रु. ५,८८,२३५.२९
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु. ८८,२३५.२९
अध्यक्षः विष्णुमाया लामिछाने सम्पर्क नं.: ९८५६०४१५००
अनुगमना संयोजकः रामविक्रम राणा
आयोजनाबाट लाभान्वित जनसंख्याः १,४३२

**राष्ट्रिय मा. वि.**
**पोखरा-१, पुरानो टुँडिखेल, कास्की**



## माछापुच्छ्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### लाहाचोक, कास्की
### गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/१०/११**

यस गाउँपालिकाबाट मिति २०८१/०९/२२ गते प्रकाशित बोलपत्र आह्वानको सूचनामा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा सारभूत रुपमा प्रभावग्राही भई अधिकतम रकम कबोल गर्ने देहाय बमोजिमका बोलपत्र मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | योजनाको नाम | बोलपत्र नं | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम ने रु (भ्याट र आयकर समेत) |
|---|---|---|---|---|
| १ | Extraction, Collection and Selling of River Bed Materials from Dobilla Nyapul Ghat | MRM/NCB/REVENUE/081-82/04 (RE-01) | Tripathi Brothers Construction Pvt. Ltd., Pokhara-25, Hemja | 38,98,610.50 |

प्रमुख प्रशासकीय अधिकृत



## शिक्षक आवश्यकता

अन्नपूर्ण गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं ८६४ मिति २०८१/१०/१० को प्राप्त पत्र अनुसार यस विद्यालयमा नि मा वि तह तृतीय श्रेणी अंग्रेजी विषय शिक्षकको पदपूर्तिका लागि विज्ञापन अनूमति प्राप्त भएकाले तपशिलमा उल्लेखित योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट तपशिलका उल्लेखित कागजात सहित प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

**तपशिल**
विज्ञापन नं. ०१/२०८१/२०८२
१) पदः निम्न माध्यमिक शिक्षक २) संख्याः १ जना ३)किसिमः करार
५) तबल स्केलः नेपाल सरकारको प्रचलित नियम अनुसार।
६) उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) आवश्यक कागजपत्रहरुः निवेदन, शै.योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु, अध्यापन अनूमति पत्र, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान
८) परीक्षा दस्तुर : रु ७००
१०) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता
११) शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट ब्यवस्थापन संकायमा +२ उत्तीण वा सो सरह
१२) दरखास्त आइसक्नु पर्ने अन्तिम मितिः २०८१/१०/२५ गते ४ बजेसम्म
१३) सम्पर्क मितिः फोन बाट जानकारी दिइनेछ।
नोटः माथिल्लो योग्यता र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएकालाई बिशेष ग्राहयता दिइने छ।
जानकारीको लागिः दरखास्त दिनको लागि यस विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं A641052462252401 खातामा भएको नाम SHREE UMA SECONDARY SCHOOL मा परीक्षा दस्तुर जम्मा गरी त्यसको भौचर निवेदन र अन्य आवश्यक कागजातहरु विद्यालयको Email:umasecondaryschool26@gmail.com मा पठाउन सकिने छ वा स्वयम विद्यालयमा आएर कार्यलय समयमा बुझाउन सकिने छ।
सम्पर्कको लागिः ९८४६४६८२१७, ९८४८१३८६३८

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की**